"सर्वाङ्गीण समृद्धिका लागि सहकारी"

"विगत २४ वर्ष देखि सहकारी क्षेत्रको अनवरत यात्राबाट परिष्कृत"

# २४ औं

# वार्षिक प्रतिवेदन

## २०७९/०८०




# ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.

## Bright Saving & Credit Cooperative Society Limited

# ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.
## Bright Saving & Credit Cooperative Society Limited

## सञ्चालक समिति



**लक्ष्मण न्यौपाने**
अध्यक्ष



**नीनादेवी शाक्य**
उपाध्यक्ष



**डा. घनश्याम खतिवडा**
सचिव



**राजेन्द्रकुमार थापा**
कोषाध्यक्ष



**रामइन्द्र न्यौपाने**
सदस्य



**दिनेश प्रसाई**
सदस्य



**रामबहादुर गौतम**
सदस्य

## लेखा सुपरीवेक्षण



**गंगाप्रसाद शर्मा घोरसाइने**
संयोजक



**गोकर्णबहादुर थापा**
सचिव



**हरिबोल बडाल**
सदस्य

## ऋण उप-समिति सदस्य



**शिवदास**
सदस्य



**चिन्तामणि पराजुली**
सदस्य

दर्ता नं. – ५११/०५६/०५७

# ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.
BRIGHT SAVING & CREDIT CO-OPERATIVE LTD.

(सहकारी ऐन २०४८ अनुसार स्थापित)
पान नं: ३००३२२२२२

प.सं.: २०८०।०८१
च.नं. ३५

मिति ०८०।०९।०७

श्री सम्पूर्ण शेयर सदस्यज्यूहरु

विषय:- **२४ औं वार्षिक साधारण सभाको सूचना सम्बन्धमा ।**

मिति २०८० मंसिर २७ गतेको संचालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको २४ औं वार्षिक साधारण सभा तपशिलमा उल्लेखित विषयहरुमा छलफल गरी निर्णय गर्नका लागि संस्थाको विनियम २०५६ ( विभिन्न मितिको संसोधन ) बमोजिम देहायका कार्यक्रमसहित संचालन हुने हुँदा यस संस्थाका सम्पूर्ण सदस्य महानुभावहरुलाई निम्न मिति र समयमा सहभागि भइदिनुहुन अनुरोध गरिन्छ ।

## साधारण सभाका प्रस्तावहरु

१) संचालक समितिको तर्फबाट अध्यक्ष मार्फत प्रस्तुत हुने आ.ब. २०७९।०८० को प्रतिबेदन छलफल गरी गारित गर्ने सम्बन्धमा ।
२) आ.ब. २०७९।०८० को आन्तरिक लेखा परिक्षण प्रतिवेदन सहितको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३) आ.व. २०८०।०८१ को लागि प्रस्तावित कार्ययोजना तथा बजेट सम्बन्धमा ।
४) आ.ब. २०८०।८१ को लागि लेखा परिक्षक नियुक्ती तथा पारिश्रमिक तोक्ने सब्न्धमा ।
५) आ.व.२०७९।०८० मा संचालक समिति, लेखा सुपरिबेक्षण समिति, ऋण उप–समिति तथा व्यवस्थापनबाट भए गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
६) साधारणसभाको बैठकको निर्णय प्रमाणित गर्ने प्रतिनिधिहरु चयन गर्ने सम्बन्धमा ।
७) विविध ।

## साधारण सभा हुने मिति समय र स्थान

मिति २०८०।०९।२८ शनिवार
समय : विहान ११:०० बजे
स्थान : होटल हार्दिक, बागबजार, काठमाण्डौं

आज्ञाले

डा. घनश्याम खतिवडा
सचिव

२४ औं वार्षिक साधारण सभाको लागि सञ्चालक

# समितिको तर्फबाट अध्यक्ष लक्ष्मण न्यौपानेद्वारा प्रस्तुत

# वार्षिक प्रतिवेदन २०८०

यस गरिमामय २४ औं वार्षिक साधारणसभाका प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू एवं सल्लाहकारज्यूहरू, सहभागी पूर्व अध्यक्ष तथा पदाधिकारीज्यूहरू, सदस्यज्यूहरू, संचारकर्मी मित्रहरू, कर्मचारी साथीहरू एवं सहभागी समस्त शुभेच्छुकहरू साथै संस्थाको आधिकारिक फेसबुक पेज मार्फत यस गरिमामय सभाको अवलोकनार्थ जोडिनुभएका समस्त महानुभावहरू । यस संस्थाको स्थापनाकाल एवं विभिन्न समयमा संस्था नेतृत्व प्रदान गर्दै संस्थाको आजको सबल अवस्थासम्म आइपुग्न योगदान पुर्‍याउनुहुने सम्पूर्ण अग्रजहरूप्रति संचालक समितिको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु ।

सदस्यहरूको आर्थिक सामाजिक,सांस्कृतिक पर्यावरणीय सहित संस्थागत विकासमा सामुहिक प्रयासले ठोस उपलब्धी हासिल हुन गई समाज परिवर्तनमा महत्वपूर्ण योगदान पुर्‍याउन सकिन्छ भन्ने विश्वासका साथ सहकारी ऐन २०४८ बमोजिम २०५६/०५/१४ का दिन विधिवत् दर्ता भएको संस्था हो ब्राइट बचत तथा ऋण सहकारी संस्था । आज पर्यन्त निरन्तर क्रियाशील रही यो संस्था स्थापना गरि महत्वपूर्ण योगदान पुर्‍याउनुहुने समस्त संस्थापकहरूप्रति उच्च सम्मानका साथ संस्थाको अध्यक्षको तर्फबाट संचालक समितिको प्रतिवेदन प्रस्तुत गर्न अनुमति चाहन्छु ।

७० वर्ष अगाडिबाट सुरू भएको नेपालको सहकारी इतिहासभित्र आजसम्म सहकारी अभियानमा करिब ३४ हजार सहकारी संस्था छन् । यिनै संस्थामा आबद्ध करिब ६५ लाख सदस्यहरू कुनै न कुनै माध्यमबाट सहकारीमा आबद्ध रहेका छन् । आज सहकारी क्षेत्रमा लाखौंले रोजगारी प्राप्त गरिरहेका छन् । बैंकिङ्ग क्षेत्रको पहुँच नपुग्ने आम नागरिकले सहकारीबाट आवश्यक सेवा प्राप्त गरिरहेका छन । सदस्यद्धारा प्रवर्धित, नियन्त्रित हुनु सहकारीको मुख्य विशेषता हो । सदस्य वीचमै कारोबार गर्ने तथा निश्चित कार्यक्षेत्र भित्र सहकारकिो कारोबार गर्नु मुख्य विशेषता मानिन्छ । सहकारी एक सामाजिक व्यवसाय गर्ने संस्था भएकोले यसले असीमित नाफा आर्जन गरी वितरण गर्दैन । सदस्यहरूलाई वार्षिक रूपमा निश्चित मुनाफा प्रदान गर्नु र संस्थाको दिगो विकास र सुरक्षाको लागि जगेडा कोषमा पर्याप्त रकम जम्मा गर्नु नै सहकारीको मुख्य उद्देश्य हो ।

केही समय अघि कोभिड १९ को असरले आर्थिक मन्दीको सामना गरिरहेको विश्व परिवेश संगै त्यसको प्रभावले नेपाल पनि नराम्ररी गाँजिएको छ । फलस्वरूप अर्थतन्त्रको गति शिथिल छ । हरेक व्यवसायहरू आर्थिक मन्दीका कारण चलायमान हुन सकिरहेका छैनन । अर्थतन्त्रको चक्रिय असर एक पछि अर्को क्षेत्रमा पर्ने हुँदा खास गरी बैङ्क तथा वित्तीय क्षेत्रमा लगानी र असुलीको ठुलो समस्या देखिएको छ । हरेक व्यवसायीले समयमा ऋणका किस्ताहरू तिर्न नसक्दा यी क्षेत्रमा समस्याहरू देखापरेका छन् । वित्तीय क्षेत्रको महत्वपूर्ण क्षेत्र मध्ये सहकारी पनि एक हो । सहकारीमा समेत आर्थिक मन्दीको असर गहिरोसँग परेको छ । यसै कारण धेरै सहकारीहरूले बचतकर्ताको बचत समयमा फिर्ता गर्न सकिरहेका छैनन । केही सहकारीहरूले सहकारीको पैसा आफ्नो व्यक्तिगत व्यवसायमा लगाउँनुको कारण उनीहरूका व्यवसायहरू धराशायी हुँदा सदस्यहरूलाई समयमा बचत फिर्ता गर्न सकिरहेको छैनन भने अधिकांश सहकारीहरूमा सहकारीको नकारात्मक हल्लाका कारण धेरै सदस्यहरूले एकै पटक बचत फिर्ता मागिदिँदा समस्या भेलीरहेका छन् । ब्राइट साकोसमा समेत यो वर्ष लगानी गरिएका ऋणको ब्याज फिर्ता गर्न अधिकांश ऋणीहरूले समयमा नसक्दा केही असहजता ब्यहोरिरहेका छौं । तथापी आजसम्म सदस्यहरूको धैर्यता, सहयोगका कारण बचत फिर्तामा कुनै समस्या परेको छैन । आजसम्म कुनै पनि सदस्यले माग गरेको अवस्थामा माग बमोजिमको रकम तत्काल फिर्ता गर्न सक्षम भइरहेका छौं । अहिले बिस्तारै आर्थिक क्षेत्र केही चलायमान भएको छ । बैंक तथा वित्तीय क्षेत्रमा तरलता पर्याप्त हुदै गरेको अवस्था छ । विस्तारै यो आर्थिक मन्दीको असर

घट्दै गएको महसुस गर्न थालिएको छ । यस संस्थाका केही सदस्यहरूले सहकारीप्रति बजारको नकारात्मक हल्लाकै कारण त्यस्तो हल्लाकै भरमा आफ्नो केही बचत फिर्ता लानुभएकोमा अहिले हाम्रो संस्थामा त्यस्तो कुनै समस्या रहेनछ भन्ने महसुस गरी उक्त रकम पुनः संस्थामै फिर्ता ल्याईरहनु भएको अवस्था छ । यसरी बचत फिर्ता गर्नु र नयाँ सदस्यले ढुक्कसँग रकम जम्मा गर्नुले हामीलाई विचलित नभई अगाडि बढ्न हौसला मिलिरहेको छ । संस्थाप्रति विश्वास कायम रहिरहेकोमा सबैप्रति हामी आभारी छौँ । गत वर्ष उठ्न नसकेका ऋणहरू समेत धमाधम अहिले उठिरहेकाले संस्थाले यस वर्ष प्रदान गर्न नसकेको मुनाफा समेत आगामी वर्ष थप गर्दै सहकारी ऐनले व्यवस्था गरे बमोजिमको अधिकतम थप मुनाफा वितरण गर्न सक्षम हुने छौँ भन्ने विश्वास दिलाउन चाहन्छौँ । कारोबारी सदस्यहरूका लागि संरक्षित पूँजी फिर्ता कोषबाट अधिकतम प्रतिफल प्रदान गर्न प्रयासरत रहने कुरामा समेत यसै सभा मार्फत आश्वस्त पार्न चाहान्छौँ । बचत र ऋणको कारोबार गर्ने सदस्यहरूलाई शेयर मुनाफा बाहेक थप मुनाफा प्रदान गर्न संरक्षित पूँजी फिर्ता कोषमा लगभग १ करोड रकम यस वर्षको मुनाफाबाट जम्मा हुनेछ । यसबाट सदस्यहरूले उच्चतम प्रतिफल प्राप्त गर्नुहुने छ ।

आदरणीय सदस्यज्यूहरू ! हामीले गत वर्ष देखि नियमित रूपमा सदस्य भेटघाट कार्यक्रम आयोजना गर्दै आएका छौँ । यस्तो भेटघाट शुरूवात देखिका सदस्यहरूबाट प्रारम्भ गरि क्रमैसँग नियमितता गरी आएका छौँ । यसबाट सदस्यहरूलाई संस्थाको गतिविधिका वारेमा सूसुचित गराउन साथै सदस्यहरूबाट रचनात्मक राय सुझाव संकलन गर्न मद्दत पुगि सदस्यहरू संस्थाप्रति विश्वस्त हुनसक्ने वातावरण बनेको छ । आगामी दिनमा यस्ता कार्यक्रमहरू निरन्तर हुने हुँदा आफुलाई खबर गरिएको समयमा संस्थामा आइ आफ्नो महत्वपूर्ण सुझाव राय सल्लाह दिनहुँन पनि सबैमा हार्दिक अनुरोध गर्दछु ।

हामीले विगतमा विभिन्न सामाजिक तथा रचनात्मक कार्यहरू गरी आएका दृष्टान्त यहाँहरूमा विदितै छन । यस वर्ष सबै क्षेत्र तथा सहकारी क्षेत्रमा देखिएको आर्थिक मन्दीको असरसंगै नकारात्मक प्रचारबाजी धेरै भएकोले हामीले अन्य कार्यक्रम भन्दा सदस्यबीच विश्वास कायम राख्दै संस्थाले गर्ने खर्चहरूमा समेत मितव्ययी हुन जरूरी देखिएकोले सोही अनुरूप अगाडि बढेका छौं । यो आर्थिक मन्दी रहेसम्म अन्य बाह्य गतिविधि नगर्ने नीति लिएका छौ । भोलिका दिनमा अवस्था सहज भएपछि बिगतका सबै क्रियाकलापहरू नियमित हुने नै छन् । आगामी दिनमा संस्थाको आर्थिक क्रियाकलापका अतिरिक्त सामाजिक गतिविधि तथा सदस्य हितका अन्य क्रियाकलापले निरन्तरता प्राप्त गर्ने छन भन्ने विश्वास दिलाउन चाहन्छु ।

आदरणीय सदस्यज्यूहरू, हामीले सदस्यहरूबीच कारोबार गर्न सहज तथा सरल होस भन्ने अभिप्रायले एस.एम.एस. सेवा, स्मार्ट बैंकिङ्गको सुविधा प्रदान गरेका छौँ । यसबाट धेरै भन्दा धेरै सदस्यहरू लाभान्वित भइरहनुभएको छ । कतिपय सदस्यहरू यो सुविधाबाट अझै वञ्चित भईरहनु भएकोमा संस्थामा सम्पर्क राखि यस्तो सेवामा आफ्नो खाता लिङ्क गराइ घरबाटै सम्पूर्ण बैंकिङ्ग सुविधा उपभोग गर्नुहुन आह्वान गर्न चाहन्छु । यस वर्षबाट संस्थाले रेमिट सेवा समेत व्यवस्था गरेकाले आफन्तको पैसा विदेशबाट संस्थामार्फत झिक्ने वा संस्थाकै बचत खातामा राख्ने तथा नेपालभर पठाउने ब्यवस्था गर्नुहुन समेत अनुरोध गर्दछु । प्राविधिक हिसाबले संस्थाले यसै वर्ष देखि क्यु.आर. भुक्तानी सेवा समेतको सुरूवात गरिसकेको हुँदा सो सेवा समेत उपभोग गर्नुहुन अनुरोध गर्दछु ।

## संस्थाको वितीय अवस्था

संस्थाको बिस्तृत आर्थिक अवस्था लेखापरीक्षकको प्रतिवेदनमा उल्लेख भएकाले त्यस सम्बन्धमा म चर्चा गर्न चाहान्न । संस्थामा हाल ७३९ पुरुष तथा ४२५ महिला सदस्य गरि जम्मा ११६४ सदस्यबाट रू.७,९४,२६,१०० शेयर पूंजी, यिनै सदस्यहरूका बिभिन्न खाताहरूबाट .रू. ४६,८६,१६,८९६ बचत संकलन रू.५९,१०,७७,४४९ ऋण लगानी भएको छ । हालसम्म संस्थाका रू.९,८६,१९,६४७ रकम जगेडा तथा अन्य कोषहरूमा रहेको तथा रू. ६,६०,१७,६७० बराबरको स्थिर सम्पत्ति रहेको छ । आगामी दिनमा संस्थामा जगेडाकोषलाई अझै मजबूत बनाउने लक्ष्य राखेका छौं । सहकारी संस्थाको स्थायित्व र सदस्यको बचतको सुरक्षा गर्न जगेडा कोषको महत्वपूर्ण भूमिका रहेको हुन्छ । उपलब्ध स्रोत र साधनलाई प्रभावकारी तथा अर्थपूर्ण तरिकाले परिमार्जित रूपमा उपयोग गर्ने पद्धतिलाई जोड दिँदै पूँजी परिचालन र सो को प्रतिफल सेयर सदस्यसम्म पुर्‍याउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएका छौँ ।

२३औँ वर्ष पार गरिसकेको ऐतिहासिक पृष्ठभूमिमा सुशासन प्रवर्द्धन, प्रविधिको विकास, संस्थागत स्थायित्व, जोखिम न्यूनीकरण, सदस्य सेवा र व्यावसायिक विकास लगायतका क्षेत्रमा संस्थाको वार्षिक नीति तथा कार्यक्रम केन्द्रित गरिएको विषय जानकारी गराउन चाहन्छौँ ।

१. संस्थागत गतिविधि एवम् सूचनालाई सदस्यसम्म पुऱ्याउनका लागि विभिन्न माध्यमको अवलम्बन गर्ने क्रममा संस्थाको छुट्टै Facebook, Viber Group मा स्थायी स्तम्भको व्यवस्था गरी संस्थागत सूचना तथा जानकारी सदस्यसम्म पुऱ्याउने कार्य गरिएको छ ।

४. संस्थाको वेवसाइट, मोबाइल एप्स तथा एसएमएस मार्फत् पनि संस्थागत सूचना तथा जानकारी सदस्यसम्म पुऱ्याउने कार्य गरिएको छ ।

५. संस्था नीति, विधि र प्रविधिमार्फत सञ्चालित हुनुपर्छ भन्ने दृढ मान्यताका साथ हरेक क्रियाकलापलाई अझ बढी सुव्यवस्थित, प्रतिस्पर्धी एवम् व्यावसायिक बनाउनका लागि आवश्यक नीति, नियम एवम् कार्यविधिको तर्जुमा गरिएको छ । मौजुदा नीति, नियम एवम् कार्यविधिको समयानुकूल परिमार्जन गर्ने कार्य यस वर्ष पनि निरन्तर रहेको छ । हाल संस्थामा संस्थाको मूल कानुन विनियमको अलवा १८ वटा नीति तथा कार्यविधिहरू रहेका छन् । सोही अनुसार सम्पूर्ण कार्य सम्पादन हुँदै आएका छन् ।

६. सञ्चालक समितिको हरेक महिना बस्ने नियमित बैठकमा व्यवस्थापनको तर्फबाट अघिल्लो मसान्तसम्मको पर्ल्स विश्लेषण, वित्तीय अवस्थाको विवरण सम्पत्ति शुद्धिकरणसम्बन्धी विवरण तथा नगद प्रवाहको विवरणसहितको प्रतिवेदन सञ्चालक समितिसमक्ष प्रस्तुत गर्ने गरिन्छ । सोही प्रतिवेदनका आधारमा व्यवस्थापनलाई आवश्यक सुझाव तथा निर्देशन दिने गरिएको छ ।

७. सहकारी ऐन, नियमावली तथा सहकारी विभागको संस्थागत सुशासनसम्बन्धी व्यवस्थाको भावना र मर्म बमोजिम निर्देशनको पालना गर्दै आएका छौँ । आन्तरिक तथा बाह्य लेखा परीक्षक तथा नियमनकारी निकायहरूले औँल्याएका कैफियत एवम् सुझावहरूमाथि गम्भीरतापूर्वक छलफल गर्ने र सुधारका लागि योजनासहित व्यवस्थापनलाई निर्देशन दिने गरिएको छ ।

८. कार्यालय सञ्चालन र दैनिक आर्थिक कारोबार व्यवस्थापनलाई थप चुस्त दुरुस्त एवम् व्यवस्थित गर्न लेखा तथा सुपरीवेक्षण समितिले आ.ले.प. गर्नुकासाथै उक्त समितिको सिफारिशमा आन्तरिक लेखापरीक्षक चार्टर्ड एकाउन्टेन्ट्स् को व्यवस्था गरिएको र सोहीअनुसार आन्तरिक लेखापरीक्षण गरी नियन्त्रण प्रणालीलाई थप व्यवस्थित गरिएको छ ।

९. सेयर सदस्य विस्तार अन्तर्गत अन्तर्राष्ट्रिय सहकारी सिद्धान्त र सहकारी ऐनको परिधिभित्र रही स्वीकृत कार्यक्षेत्रभित्र सम्भाव्य ब्यक्तिमा सदस्य विस्तार कार्यक्रम निरन्तर सञ्चालन गरिने छ ।

१०. संस्थाको वित्तीय संरचनालाई थप मजबूत तथा प्रभावकारी बनाउँदै लैजाने नीति अनुसार जगेडा कोषमा आधारित संस्था बनाउने योजना अनुरूप पर्ल्सको न्यूनतम मापदण्डअनुसार चुक्ता सेयरपुँजी पुऱ्याइने छ । वित्तीय स्रोतको प्रभावकारी परिचालन र सुदृढ संस्थाको रूपमा विकास गर्ने उद्देश्य अनुरूप जगेडा कोषमा आधारित संस्था निर्माण गर्न कार्यविधि तयार गरी विभिन्न कार्यक्रम अगाडि बढाइने छ ।

११. संस्थाले प्रदान गरेका समग्र सेवाको प्रभावकारिता, स्थायित्व एवम् सदस्य सन्तुष्टि र गुणस्तरीयताका सन्दर्भमा सदस्य सर्भेक्षण तथा अध्ययन गर्ने कार्यलाई निरन्तरता दिइने छ । यसरी सर्भेक्षण तथा अध्ययनबाट प्राप्त हुने परिणामले कार्यक्रम परिमार्जन गर्न र प्रभावकारिता बढाउन उल्लेख्य सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

१२. हाल संस्थाले एकै ठाउँबाट मात्र सदस्यहरूलाई सेवा दिइरहेकोमा यसलाई अझ बढी व्यवस्थित गरी थप सेवा प्रदान गर्ने उद्देश्य अनुरूप आवश्यकता अनुसार सेवा केन्द्रमार्फत सदस्यहरूलाई एकीकृत सेवा प्रदान गरिने छ ।

१३. संस्थाले सञ्चालन गरिरहेका सेवाहरूको बारेमा जानकारी दिने तथा नीतिगत सुधारका लागि आवश्यक सुझाव लिने कार्यका लागि सदस्य भेटघाट अन्तर्क्रिया गरी संस्था र सदस्य बिचको

सम्बन्धलाई थप मजबुत र प्रगाढ बनाउनको लागि यस वर्ष पनि विभिन्न चरणमा सदस्यसँग ब्राइट कार्यक्रमलाई निरन्तर अगाडि बढाईएको छ ।

१४. संस्थामा कार्यरत सबै कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा समावेश गरिएको छ । यसै कारण कर्मचारीहरूले स्वास्थ्य उपचार बीमा लगायत भविष्यमा ढुक्क हुन सक्ने अवस्था सृजना भएको छ । यसका अलावा कर्मचारीहरूलाई संस्थाले छुट्टै जीवन बीमाको समेत ब्यवस्था गरेको छ । आगामी दिनमा कर्मचारीले प्राप्त गर्ने सेवा सुबिधामा संस्थाको सक्षमता मजबूत हुँदै जाँदा थप गर्न सकिने छ ।

१५. सदस्यमार्फत समुदायलाई स्थानीय स्तरमा नै सर्व शुलभ एवम् प्रभावकारी एकीकृत सेवा उपलब्ध गराउने उद्देश्य अनुरूप कार्य क्षेत्रभित्रका सम्भाव्य एवम् उचित स्थानमा सम्बन्धित निकायको स्वीकृतिमा सेवा केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइने छ ।

१६. नियमित बाहेक आवश्यकता अनुसार सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, उपसमिति तथा कर्मचारीहरूको संयुक्त बैठक बस्ने गरिएको छ ।

१७. एक चरणको सदस्य भेटघाट कार्यक्रम सम्पन्न भएपछि दोस्रो चरणमा अघिल्लो महिना थपिएका नयाँ सदस्य सहितलाई संलग्न गराई प्रत्येक महिनाका नयाँ सदस्यहरूलाई स्वागत र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने नीति ल्याइने छ ।

१८. संस्थाले सदस्यको लागि सञ्चालित सबै प्रकारका सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई एकीकृत गरी सञ्चालन गरिने छ । स्थानीय तहले सञ्चालन गर्ने सामाजिक सुरक्षासँग सम्बन्धित कार्यक्रमहरूसँग आवश्यक समन्वय गरिने छ ।

## १९. छाता संघमा आवद्धता:

यो संस्था जिल्ला तथा केन्द्रीय तहका आफ्ना छाता संगठनहरूमा आबद्ध छ । आबद्धता संगै यसले छाता संगठन संग गर्नुपर्ने समन्वय कायम राखेको छ ।

| क्र.सं. | आबद्ध संघको नाम |
|---|---|
| १. | जिल्ला सहकारी संघ |
| २. | नेपाल बचत तथा ऋण सहकारी केन्द्रीय संघ |
| ३. | राष्ट्रिय सहकारी बैक लि. |

## २०. सहभागिता, शिक्षा र तालिम:

विभिन्न सहकारी संघ संस्था तथा सरोकारवाला निकायहरूले आयोजना गर्ने गरेको विभिन्न कार्यक्रमहरूमा संस्थाका पदाधिकारीहरूबाट सक्रिय सहभागिता जनाइएको छ ।

संस्थाका समिति उपसमितिका पदाधिकारीहरू र व्यवस्थापक लगायत कर्मचारीहरूलाई विभिन्न संघ संस्था तथा सरोकारवाला निकायहरूले आयोजना गरेका सहकारी सम्बन्धी तालिम, सेमिनार गोष्ठी आदिमा उल्लेख्य सहभागिता गराईएको छ ।

नेपाल बचत तथा ऋण सहकारी केन्द्रीय संघ (नेफ्स्कून)ले सञ्चालन गरेको पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोवेसन)मा संस्थाको सक्रिय सहभागितालाई निरन्तरता दिईएको छ ।

यो संस्था बचत तथा ऋणको कारोबार गर्ने संस्था भएकाले यहाँहरूलाई संस्थाको वित्तीय अवस्थाको वारेमा जानकारी गराउनु प्रमुख दायित्व समेत हुन जान्छ । सहकारी विभागको निर्देशन समेत पूर्ण पालना गर्दै हामीले मासिक रूपमा आफ्नो वित्तीय विवरण संस्थाको वेवसाइट तथा फेसबुक पेज मार्फत जानकारी गराउँदै आएका छौं । अहिलेको सहकारी क्षेत्रको संक्रमणकालमा हामीले अत्यन्तै सचेततापूर्वक आर्थिक गतिविधिहरू सञ्चालन गर्दै आइरहेका छौं । समग्र अर्थतन्त्र चलायमान नभई सहकारी क्षेत्रमात्र चलाएमान हुन सक्तैन । सरकारले सोही अनुरूप नीतिहरू तर्जुमा गरी अर्थतन्त्रको गति चलायमान गर्न हरसम्भव प्रयास गर्नुपर्ने देखिन्छ । विगत दुई वर्ष देखिनै समग्र अर्थतन्त्र साथै सहकारी क्षेत्रको समेत कारोबार शिथिल बन्दै गएको छ । धेरै सहकारी बन्द भइसकेका धेरै सहकारीहरू कारोबार शुन्य भएका तथा सदस्यको निक्षेप फिर्ता गर्न असमर्थ भइरहेका छन् भन्ने प्रचारबाजी भईरहेको अवस्था सबैमा जगजाहेर नै छ । यी सब नकारात्मक सतही हल्लाका बाबजुद हामीले सदस्यको विश्वास

कायम राख्दै निक्षेप भुक्तानी लगायतका क्रियाकलापमा सदस्यलाई कुनै पनि दिन निराश पार्नुपरेको अवस्था छैन । यस संस्थाका सदस्यहरूले आवश्यक परेको समयमा आफ्नो रकम भुक्तानी उपलब्ध गराउदै आउन संस्था सक्षम छ । हाम्रो प्रक्षेपण अनुसार आगामी ८-१० महिनासम्ममा नेपाली अर्थतन्त्रले गति लिन सक्ने अवस्था देखिदैन । अर्थतन्त्रका अन्य क्षेत्रहरू र अन्य सूचकहरू सहज हुनासाथ सहकारी क्षेत्रमा समेत सकारात्मक प्रभाव पर्ने र पूर्ववत् अवस्थामा नियमित कारोवारहरू सुचारू हुनसक्ने विश्लेषण गरिएको छ । सदस्यहरूको आजसम्मको धैर्यलाई उच्च सम्मान गर्दै आगामी केही समय सक्रिय सहयोग र सद्भाव कायम राख्न आ-आफ्नो तर्फबाट योगदान पुर्‍याउनुहुन अनुरोध गर्दछु ।

आजको यस वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट मैले यहाँ प्रस्तुत गरेको प्रतिवेदन धैर्यपूर्वक सुनिदिनु भएकोमा उपस्थित सबैमा धन्यवाद दिदै अन्त्यमा, आजको वार्षिक साधारणसभा समारोहमा हाम्रो आतिथ्यलाई स्वीकार गरी आफ्नो ब्यस्त समयका बावजुद कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गराउन सहभागी हुनुहुने प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, शेयरधनी सदस्यज्यूहरू, शुभेच्छुक, शुभचिन्तक, पूर्व अध्यक्षज्यूहरू लगायत सल्लाहकार विभिन्न समिति तथा उपसमितिका पदाधिकारीहरू, कर्मचारीहरू, पत्रकार मित्रहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु । साधारणसभा सम्पन्न गर्न हलको ब्यवस्थापन गरी दिवाभोजको ब्यवस्थापन समेत गरिदिनुहुने होटल हार्दिक परिवारलाई समेत धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद जय सहकारी ।

जय सहकारी



लक्ष्मण न्यौपाने

**अध्यक्ष**

ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.को

# २४औँ वार्षिक साधारण सभामा प्रस्तुत
# लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन-२०८०

यस ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.को २४औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू प्रमुख अतिथिज्यू सञ्चालक समितीको पदाधिकारीज्यूहरू, ऋण उप-समितिका पदाधिकारी ज्यूहरू, उर्जाशील कमचारीहरू पत्रकार मित्रहरू, सम्पुर्ण शेयर सदस्य महानुभावहरू तथा सभामा उपस्थित हुनु भएका सम्पुर्ण शुभ चिन्तकज्यूहरू मित्रजनहरूमा लेखा सुपरीवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत गर्दै सहकारी अभिवादन गर्दछौं ।

आर्थिक वर्ष २०७९/०८० को लेखा सुपरीवेक्षण समितिको सिफारिसमा आ.ले.प. गर्नका लागि नियुक्त भएका आन्तरिक लेखापरीक्षक पि.एस.एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्सद्धारा आन्तरिक लेखापरीक्षण गराइयो भने यस समितिबाट समेत त्रैमासिक रूपमा लेखापरीक्षण कार्य भएको छ ।आ.ले.प. द्धारा देखाएका कैफियतहरू व्यवस्थापक मार्फत संचालक समितिमा प्रस्तुत भएका छन ति कैफियतहरू व्यवस्थापनले अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्ने गरेको छ । हाम्रो सुझाव समयमानै कार्यान्वयन गरेर लेखा दुरूस्त पारदर्शी राखेकोमा संचालक समिति, ब्यवस्थापन तथा लेखा हेर्ने कर्मचारीहरू समेतलाई धन्यवाद ज्ञापन गर्न चाहन्छौं । लेखा जस्तो गहनतम् कार्य गर्न हामीलाई अवसर प्रदान गर्नुभएकोमा सम्पूर्ण सदस्य महानुभावहरूलाई धन्यवाद दिन चाहान्छौं ।

हामीले सहकारी ऐन २०७४, नियमावली २०७५ संस्थाको विनियम २०५६(संसोधन सहित)संस्थाको लेखा लगायतका अन्य सम्बद्ध नीतिहरू प्रचलित लेखासंग सम्बन्धीत ऐन, कानुन, कार्यविधि, नीतिको अधीनमा रही हामीलाई समितिले तोकिएको अधिकारको परिधिभित्र रही यो प्रतिवेदन तयार पारेका छौं । आवश्यक लेखाको विवरण अन्तिम लेखापरीक्षण प्रतिवेदनमा खुलाइएका छन् ।

प्रतिवेदनसँग सम्बन्धित ब्यहोरा निम्न छन् ।

१. संचालक समितिको बैठक संख्या र निर्णय विश्लेषण :

क. संचालक समिति, लेखा सुपरीवेक्षण समिति र अन्य उप-समितिको वैठक मासिक तथा आवश्यकता अनुसार बस्ने गरेको छ ।

ख. वैठक बस्ने व्यवस्था विनियम सम्मत छ ।

ग. संचालक लगायत समिति उप-समितिको उपस्थिति नियमित छ ।

घ. बैठक गणपूरक संख्या विनियम वमोजिम पुरा भएको छ ।

ङ. बैठकका निर्णयहरू सर्व सम्मत छन् ।

च. वैठकका प्रस्तावहरू अग्रिम रूपमा प्रेषण गर्ने गरिएको छ ।

छ. लेखा सुपरीवेक्षण समितिले दिएको सुझावहरू संचालक समिति तथा ब्यवस्थापनले कार्यान्वयन गर्ने गरेको छ ।

२. लेखासँग सम्बन्धित विषय :

क. सहकारी ऐन, नियम, निर्देशिका र संस्थाको विनियम वमोजिम खातापाता राखिएका छन् ।

ख. लेखाको कारोबार पारदर्शी बनाउन आवश्यकता अनुसारको सहायक खाता राखिएका छन् ।

ग. लेखाको सर्वमान्य सिद्धान्त बमोजिम लेखा हिसाब किताब राखिएका छन् ।

घ. लेखाको प्रविष्टी तोकिएको सफ्टवेरमा सुरक्षित राखिएको छ ।

ङ. बैंक हिसाब मिलान गर्ने कार्य मासिक रूपमा गरिएको छ ।

च. आ.व. २०७९/८० को आ.ले.प. त्रैमासिक रूपमा गरिएको छ ।

छ. बुझाउनु पर्ने कर, दर्ता नविकरण समयमानै भएको छ ।

ज. स्वीकृत बजेट भन्दा बढी खर्च भएको छैन ।

झ. सदस्यसंग लिने ब्याज र बचतमा दिने ब्याज सहकारी मापदण्ड अनुसारनै छ । साथै सबै सदस्यहरूलाई समान ब्याजदर छ ।

ञ. सदस्यसंगको कारोबार पहुँच र सामर्थ्यको आधारमा भेदभाव गरेको छैन ।

३. संचालक समिति र साधारण सभाको निर्णय सम्बन्धमा:

क. संचालक समितिको निर्णयहरू सहकारी ऐन, नियम, निर्देशिका र संस्थाको विनियम वमोजिम छ ।

ख. संचालक समितिको निर्णयहरूले साधारण सभाका अधिकार कटौती गरेको छैन ।

ग. संचालक समितिले गरेको निर्णय गरेको कार्यक्रम सम्बन्धी, कर्मचारी प्रशासन, आर्थिक प्रशासन लगायत सम्पुर्ण कार्यबिधि नीति तथा रणनीति निर्माण, वार्षिक कार्यक्रम तथा बजेट, दीर्घकालीन परियोजना, सहकारी क्षेत्र भित्रका संघ, संस्था, सहकारी बैंक समेतमा गरिएको शेयर लगानी, अन्य प्रतिवेदन र सम्झौताहरू लगायतका निर्णयहरू साधारण सभाबाट पछि अनुमोदन गर्ने गरि संचालक समितिबाट निर्णय गर्ने गरिएको छ ।

४. सहकारी सिद्धान्त र ऐन नियम निर्देशिका तथा विनियम पालना भएको नभएको:

क. सहकारी सिद्धान्त प्रतिकूल संचालक समितिबाट निर्णय भएको छैन ।

ख. तर्जुमा गरिएका नीति नियम योजना सहकारी सिद्धान्त प्रतिकूल गरेको छैन ।

ग. संस्थाको काम कारवाही सहकारी ऐन नियम निर्देशिका र विनियम सम्मत भएको छ ।

५. संस्थाको काम कारवाहीको विवरण सदस्यहरूको पँहुच :

क. सदस्यले मागेको बखत नियमानुसार संस्थाको काम कारवाहीको विवरण प्राप्त गर्न सक्छन् ।

ख. कारोबारको बिबरण माग गर्ने सदस्य संगको अधिकार संकुचित गरिएको छैन ।

ग. सुचना माग गर्ने सदस्यको अधिकार संकुचित गरिएको छैन् ।

६. सहकारी शिक्षा र तालिम सम्बन्धी:

क. सहकारी शिक्षा कोषमा छुट्याएको रकमबाट सदस्यहरूलाई ब्राइटसँग सहकारी नामबाट सहकारी शिक्षा तथा कर्मचारी र समितिका सदस्यहरूलाई तालिम सहित सदस्य भेटघाट कार्यक्रम गर्ने गरिएको छ ।

ख. शिक्षा तथा तालिम कार्यक्रम नीति तथा योजना बनाउन आवश्यक छ ।

ग. शिक्षा तथा कार्यक्रम समायानुकूल परिमार्जन र प्रविधि मैत्री बनाउन आवश्यक छ ।

घ. शिक्षा तथा तालिम सबैको आवश्यकता अनुसार कमवद्ध रूपमा सहभागिता रहेको छ ।

ङ. समिति उपसमिति कर्मचारीलाई जिम्मेवारी अनुसारको अवसर प्रदान गरिएको छ । यसलाई निरन्तरता दिनु पर्दछ ।

७. साधारण सभाको वैठक र निर्णय सम्बन्धमा :

क. संचालक समितिबाट ऐन नियम निर्देशन अनुसार तोकिएको अवधिमा साधारण सभा बोलाइएको छ ।

ख. साधारण सभा बस्नु पूर्व सदस्यहरूलाई प्रस्ताव एवं प्रतिवेदन सहितको विवरण पत्राचार गरिएको छ ।

ग. ऐन नियम बमोजिम गणपुरक संख्यालाई ध्यान दिइएको छ ।

घ. साधारण सभाको प्रस्तावहरू उपर पर्याप्त छलफल भएको छ ।

ङ. साधारण सभाको प्रस्तावहरू सर्वसम्मत रूपमा पारित भएको छ ।

च. साधारण सभाको निर्वाचनमा महिला प्रतिनिधिको पद आंशिक सुरक्षित छ ।

८. ऋण लगानीको प्रक्रिया

संस्थाको ऋण नीति २०७६(संसोधन सहित) अनुसार संस्थामा अल्पकालीन तथा दीर्घकालीन रूपमा सदस्यहरू भित्रमात्र सदस्यहरूको माग अनुसार उपभोग क्षमता पहिचान गरि धितो मूल्याङ्कनका आधारमा र नियमित बचत, आवधिक बचतको ९०% सम्म ऋण लगानी भएको पाइयो । विना धितो ऋण लगानी गरेको पाइएन ।

९. नियामक निकाय, सहकारी बिभाग नेपाल राष्ट्र बैंक आन्तरिक राजस्व विभाग आदि निकायको अनुगमनमा देखिएको कमि कमजोरीको सुधार सुझावको अवस्था :

नियमक निकायमा प्रतिवेदन पेशगर्ने र अनुगमनबाट देखिएका कैफियतहरू समाधान गरेको पाईयो ।

१०. संचालक समिति, लेखा सुपरीवेक्षण समिति, तथा विभिन्न उप-समितिको बैठक

भत्ता तथा अन्य सेवा सुविधा सम्बन्धमा :
संचालक समिति तर्फ अध्यक्ष सहित सबै पदाधिकारीलाई रू.५,०००।– लेखा सुपरीवेक्षण समितिलाई रू.४०००।– उप–समितिलाई रू.३५००।– नियमानुसार कर कट्टि गरी बैठक भत्ता उपलब्ध गराउने गरेको र ऋण उप समितिका पदाधिकारीहरूलाई धितो निरीक्षण गर्न जाँदा धितो रहेको स्थानको भौगोलिक अवस्था र दुरीको आधारमा धितो निरीक्षण शुल्क प्रदान गरेको पाइयो ।

११. कार्यालय प्रमुख तथा कर्मचारीहरूको तलब भत्ता र अन्य सुविधा :
संस्थाको मिति २०७९।०६।२९ गते सम्पन्न साधारण सभाबाट यस संस्थाको अध्यक्ष निर्वाचित हुनुभएको र संस्थाको निमित्त कार्यालय प्रमुखको रूपमा संस्थाका ब्यवस्थापक श्री दिपक श्रेष्ठलाई अर्को ब्यवस्था नभएसम्मका लागि नियुक्त गरी हाल सहकारी क्षेत्रमा देखिएको असहज परि स्थिति तथा संस्थालाई केही समयसम्म नियमित रूपमा कार्यालयमा उपस्थित रही कामकाज गर्न अध्यक्ष श्री लक्ष्मण न्यौपानेको आबश्यकता महसुस गरिएकोले अर्को ब्यवस्था नभएसम्मका लागि अध्यक्ष भएकै मितिदेखि यस अगाडि प्रबन्ध संचालकको रूपमा उपलब्ध गराएको सेवा सुविधा यथावत उपलब्ध गराउने निर्णय भए बमोजिम अध्यक्ष श्री लक्ष्मण न्यौपानेलाई दैनिक रूपमा कार्यालयमा उपस्थित भई कामकाज गरे बापत वार्षिक पारिश्रमिक रू.२०,९७,९४९।– उपलब्ध गराइउको पाइयो । ब्यवस्थापक श्री दिपक श्रेष्ठलाई निमित्त कार्यालय प्रमुख तोकि रू.१०,७५,७५०।– कर कट्टी गरेर लिएको पाइयो । अध्यक्षले संचालकले पाउने बैठक भत्ता लगायत अन्य दोहोरो सुबिधा लिएको पाइएन । संस्थामा रहेका कर्मचारीहरूलाई मानव संसाधन ब्यवस्थापन नीति–२०७६ को आधारमा संचालक समितिले परिमार्जान गरी ब्यवस्था गरे बमोजिम तलब सुबिधा प्रदान गर्दै आएको पाइयो । संस्थामा रहेका सम्पूर्ण कर्मचारीहरूलाई रू.१,००,०००।– देखि रू.५,००,०००।– सम्मको जीवन विमा र.१०,००,०००।– सम्मको दुर्घटना विमा समेतको ब्यवस्था गरेको पाइयो ।

१२. जनशक्तिको पदपूर्ति सम्बन्धमा :
संस्थामा ब्यवस्थापकीय अधिकृत स्तर र सहायकस्तर गरी ८ जना कर्मचारी कार्यरत रहेको र संस्थाको कार्यालय प्रमुखको पद पूर्तिका लागि प्रकृया शुरू भएको पाइयो । वर्तमान अवस्थामा हालको जनशक्ति पर्याप्त नै रहेको पाइयो ।

१३. कर्जाको गुणस्तरीयता र जोखिम कोषको ब्यवस्था :
संस्थामा हाल गैर सदस्य र विना धितो ऋण लगानी गरेको पाइएन । धितोको हिसावमा अधिकांश ऋण सुरक्षित देखिन्छ । ऋण असुलीमा भने राम्रो प्रगति भएको पाइएन ।ऋण असुलीमा संस्थाको प्रयास सह्राहनीय नै भएपनि प्रगति हुन सकेको अवस्था भएन । ऋणीसंग गरेको सम्झौता विपरित भएमा धितो लिलामबाट असुल उपर गर्ने ब्यवस्था भएतापनि सहकारी सहकार्य तथा सदस्यकै हितमा चल्ने संस्था भएको कुरालाई मनन गर्दै लिलामीको चरणमा जानुभन्दा सदस्यसंग सम्वाद गरेर ऋण असुल उपरमा ध्यान दिन उचीत देखिएको छ । सवै सदस्य आ–आफ्नो तह तप्काबाट गम्भीर रूपमा संस्था बचाउन लागि पर्न आवश्यक छ । सबैको यस तर्फ ध्यान जाओस । ऋण जोखिमका लागि रू.१,९३,०८,९०५।– ब्यवस्था गरेको छ । यसले सदस्यहरूको मुनाफामा प्रत्यक्ष असर पारेको छ ।

१४. संस्थाको स्थिर सम्पति र घर जग्गाको अवस्था
संस्थाको आफ्नै आधुनिक घर जग्गाको ब्यवस्था भई आफ्नो कार्यालय संचालन र भाडा समेतमा राख्न सक्ने अवस्था भएकोले यसबाट संस्थाको स्थायित्वमा थप बल मिलेको छ ।

१५ लेखा सुपरीवेक्षण समितिको थप सुझावहरू :
१५.१ संस्थाको लेखा आन्तरिक तथा अन्तिम योग्य चार्टड एकाउण्टेन्ड बाट हुन सो परीक्षणमा हाम्रो समिति ब्यवस्थापनसंग ब्यापक छलफल गर्ने, लेखापरीक्षणको क्रममा देखाइएका कैफियतहरू यथा समयमानै फछ्यौंट गर्ने गरिएका छन् । सो कार्यलाई निरन्तरता दिन र विगत आ.व.मा आ.ले.प. त्रै

मासिक रूपमा गर्दै आएकोमा यस आ.व. देखि चौमासिक रूपमा गर्ने र व्यवस्थापन संचालक समितिले संस्थाको लेखापरीक्षण वार्षिक बजेट योजना कार्यक्रम र प्रगति उपर चौमासिक रूपमा समीक्षा गर्न आवश्यक देखिन्छ ।

१५.२ संस्थाको स्थायित्व सदस्यको स्वामित्व पारदर्शितामा सदस्यज्यूहरूलाई वोध गराउन सहकारी शिक्षाले कोषे ढुङ्गाको रूप लिने भएकाले कार्यक्रम नै बनाएर शेयर सदस्य, ऋणी सदस्य सबैलाई समावेश गर्ने गरी कम्तिमा मासिक ३/३ पटकसंस्थाको बैठकहलको क्षमतालाई समेत ख्याल गरेर मितव्ययी रूपमा कार्यक्रम संचालन गर्न र सदस्यज्यूहरू समेतले संस्थाको गतिविधिको वारेमा वोध गर्न कोषे ढुङ्गाको काम गर्नुपर्ने देखिन्छ ।

१५.३ अनिवार्य मासिक वचत तथा संस्थाले लागू गरेका अन्य बचत योजनाहरू प्रभावकारीरूपमा संचालन गर्नुपर्ने देखिन्छ ।

१५.४ संस्थामा हाल प्रवन्ध निर्देशक पद रिक्त भै पदपूर्ति सम्बन्धी कार्य अघि बढेको देखिन्छ । पदपूर्ति गर्दा लक्ष्य, उपलब्धी, कम लागत समेत ख्याल गरी सेवा करार गरेर Headmanship सिद्धान्तमा रहेर नियुक्ति गर्नुपर्ने देखिन्छ ।

१५.५ संस्थामा व्यवस्थापन र संचालक समिति विच यदाकदा केही समस्या देखिन्छ । कानुननः संचालक समिति साधारण सभाको निर्देशन बमोजिम नीति निर्माण र निर्णय कार्यान्वयन गराउने, निर्णय गर्ने निकाय भएकोले व्यवस्थापनसंग कुनै प्रकारको हस्तक्षेप तथा स्वार्थ बाभिनु हुदैन ।

१५.६ वर्तमान अवस्थामा केही सहकारी राजनीतिक दवाव प्रभावले मूल्य मान्यता विपरित संचालन भईर्दिदा समग्र सहकारी क्षेत्र दुषित भैरहेको दुखद अवस्था श्रृजना भैरहेको छ । हामीले पाएसम्म हाम्रो सहकारीलाई सहकारीको मूल्य मान्यता अनुसार विधिसम्मत तरिकाले चलेको पाएका छौं । कसैको स्वार्थ बाभिने गरी काम गरेको पाएका छैनौ । सबै सदस्यज्यूहरूले के कसरी चलेको छ ? अवस्था कस्तो छ ? समय समयमा जानकारी लिंदा आफ्नो संस्थाको अवस्था बोध हुनेछ भन्ने हाम्रो धारणा छ ।

१५.७ वर्तमान समयको आर्थिक मन्दिका कारणले यस संस्थामा समेत लगानी, असुली, बचत सबैमा असर परेकै छ । सबै सचेत भएर आ-आफ्नो शर्त अनुसारको कार्य गरे यो आ.व.मा विगतमा भै मुनाफा प्राप्त गर्न नसके पनि आगामी आ.व.मा हालको समेत समावेश गर्ने गरी ब्यवस्था गर्न सक्ने अवस्थामा संस्था छ । सदस्य सदस्य बीच कारोबार हुने यो संस्थाले आफ्नो साख बचाउन सक्ने निश्चित छ ।

१५.८ कर्मचारीको इमान्दारिता लगनशीलता अनुशासन, पारदर्शिता शीघ्रता, नम्रताले संस्था सबल हुने प्रगति गर्ने कर्मचारी समेतको सुन्दर भविष्य कोर्ने भएकोले समयानुकूल नीति विधि र प्रविधि अनुकूल बढी कृयाशील हुनु आवश्यक छ । साथै कर्मचारीहरूको बर्तमान तथा भविष्य सुनिश्चतताका लागि सामाजिक सुरक्षाकोषमा आबद्ध गराइएको देखिंदा यसले कर्मचारीहरूको भविष्य सुरक्षित हुने देखिन्छ ।

अन्त्यमा प्रस्तुत बिबरणमा शेयर सदस्यहरूले ब्यापक छलफल गरी संस्थालाई विधिको पालना गराई मजबूतिका साथ अगाडि बढाउन महत्वपुर्ण सल्लाह दिने विश्वास लिएका छौं । आज यस गरिमामय २४औं साधारण सभामा हाम्रो प्रतिवेदनलाई धैर्यतापूर्वक सुनिदिई अध्ययन गरी दिनु भएकोमा सबै सदस्य महानुभावहरू र अन्य आगन्तुक महानुभावहरूप्रति आभार प्रकट गर्दछौं । प्रस्तुत प्रतिवेदन उपर गहन छलफल गरी आफ्नो विचार समेत प्रस्तुत गरी पारीत गरिदिनुहुन हार्दिक आग्रह गर्दछौं । धन्यवाद जय सहकारी ।

| हरिवोल बडाल | गोकर्ण बहादुर थापा | गंगा प्रसाद शर्मा घोरसाइने |
|---|---|---|
| सदस्य | सचिव | संयोजक |

### ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.को

## २४ औँ वार्षिक साधारण सभासमक्ष प्रस्तुत

# आ.व. २०८०/८१ को कार्यक्रम तथा बजेट

संस्थाको गरिमामय २४ औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, हाम्रो आमन्त्रणलाई स्वीकार गरी उपस्थित हुनु भएका प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, सञ्चालक समितिका पदाधिकारीज्यूहरू, विभिन्न समिति उपसमितिका पदाधिकारीज्यूहरू, शेयर सदस्य महानुभावहरू, कर्मचारी साथीहरू साथै सरोकारवाला निकाय एवम् शुभचिन्तकज्यूहरुमा सहकारीमय अभिवादन गर्दछु । यस सभामा सञ्चालक समितिको आज्ञाले आ.व. २०८०/८१ को प्रस्तावित कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा गर्वको महशुस गरेको छु ।

संस्थाको नीति तथा कार्ययोजनाहरू सदस्यमूखी बनाउनका लागि हाम्रो ध्यान केन्द्रित भएको छ। यस अवसरमा संस्थाका गतिविधि र त्यसबाट प्राप्त उपलब्धिहरूलाई आधार बनाई आगामी क्रियाकलापलाई अझ बढी परिणाममुखी बनाउन जरूरी छ । हालसम्म संस्थाले प्राप्त गरेका उपलब्धिहरू आफैमा गौरवका विषय भएता पनि, प्राप्त उपलब्धिहरुको रक्षा गर्दै आगामी दिनहरूमा थप उपलब्धी हासिल गर्नको निमित्त संस्थाले देहाय अनुसारका दीर्घकालीन लक्ष्य तथा कार्यक्रमहरू निर्धारण गरेको छ । वार्षिक साधारण सभा अन्तर्राष्ट्रिय सहकारी सिद्धान्त, मूल्य, मान्यता तथा संस्थाको विनियम, सहकारी विभाग तथा सम्बन्धित निकायहरूबाट प्राप्त निर्देशन र यसले निर्माण गरेका नीति तथा कार्यविधिको परिधिभित्र रही उत्कृष्ट साकोस निर्माण गर्दै सदस्यहरुको सेवाको गुणस्तर र सुविधाको स्तरमा हामीले कुनै पनि सम्झौता गरेका छैनौ । संस्था सुचारू राख्न आगामी आ.व.मा शेयर लाभांश, संरक्षित पुँजि फिर्ता, ब्याजदर, सेवा सुविधा र सहुलियतहरूको विविधताको माध्यमबाट सदस्यहरूको सन्तुष्टिको स्तरलाई अविवुद्धि गर्ने कार्यमा संस्था केन्द्रित हुने प्रतिबद्धता ब्यक्त गर्न चाहन्छु ।

विश्व परिवेशमा आइरहने परिवर्तनले सृजना गर्ने अवसर र चुनौतिहरू पहिचान गरी संस्था अगाडि बढ्नुपर्ने अवस्था रहन्छ । विश्व परिवेशमा देखिएको आर्थिक चुनौति र यसले सृजना गरेका प्रतिकूल प्रभावहरूको असर हाम्रो देश, समाज, समस्त सहकारी क्षेत्रमा पनि पर्नु स्वाभाविक हो । पछिल्लो समयमा सहकारी मूल्य, मान्यतामा रहेर सिद्धान्त विपरीत संस्था स्थापना र सञ्चालन गर्दा उत्पन्न भएका सामाजिक अवस्था र अवधारणाले गर्दा समग्र अभियानमा प्रश्न उठेको छ । सहकारी सिद्धान्त, मूल्य, मान्यता र सदस्य केन्द्रित भई सञ्चालन भएका संस्थाहरूमा भने यस्ता समस्याहरू अत्यन्त न्यून देखिएका छन् । यद्यपि यसले पारेको प्रतिकूल प्रभावका बारेमा भने हामी सचेत छौँ । आर्थिक क्षेत्रको विस्तारमा संङ्कुचन व्यवसाय विस्तारमा कमी र युवा शक्तिको पलायमानमुखी प्रवृत्तिले गर्दा आगामी परिस्थितिका बारेमा प्रशस्त प्रश्न उब्जाइदिएको छ । उल्लिखित परि स्थितिहरूको सामना गर्नका लागि संस्थाको नीति तथा कार्यक्रममार्फत् हामीले प्रयास गरेका छौँ । आर्थिक वर्ष २०७९/८० मा वित्तीय चुनौती, लगानीका क्षेत्रमा संकुचन, विकास खर्चमा कमी, ब्याजदरमा उतार चढाव, आयात निर्यातमा नकारात्मक प्रभाव, विश्व अर्थतन्त्रमा आएको संकुचन, वित्तीय बजारमा देखापरेको तरलताको चाप, सहकारी तथा लघुवित्त क्षेत्रमा सृजना भएका लगातारका चुनौतिहरू साथै केही सहकारी संस्थामा देखिएका सुशासनको कमिजस्ता कारणले समग्र अर्थतन्त्रमाथि ठूलो दबाब सृजना हुन पुग्यो । यस्तो प्रतिकूल अवस्थामा गत आ.व.मा सम्पन्न साधारण सभाबाट स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुरूप काम गर्न सक्ने अवस्था नरहेता पनि सदस्यहरूको सहयोगले संस्थाले गरेको प्रगति सम्बन्धी विवरण यसै प्रतिवेदनमा उल्लेख गरिएको छ ।

हालको विषम परिस्थितिमा संस्थालाई अघि बढाई आगामी दिनमा कार्यक्रम तयार गर्न तथा संस्थाको उद्देश्यमा प्रभावकारीता बढाउन सदाझै यहाँहरूबाट रचनात्मक सुझाव, सहयोग र मार्ग निर्देशनहरू प्राप्त हुने नै छन् भन्ने कुरामा हामी विश्वस्त छौं । उपलब्ध स्रोत र साधनलाई प्रभावकारी तथा अर्थपूर्ण तरिकाले परिमार्जित रूपमा उपयोग गर्ने पद्धतिलाई जोड दिँदै पुँजी परिचालन र सो को प्रतिफल सेयर सदस्यसम्म पुऱ्याउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएका छौ ।

## आ.व. २०८०/०८१ को कार्यक्रम तथा बजेटको उद्देश्यहरु :

संस्थाको मौजुदा कार्यालय भवनलाई प्रविधिमैत्री बनाउँदै लगिने छ । वित्तीय सेवाको क्षेत्रमा उपलब्धताको आधारमा नयाँ प्रविधि र सोसँग सम्बन्धित उपकरणहरूको आवश्यकताअनुसार खरिद गरिने छ ।

### विप्रेषण सेवा

संस्थाले प्रदान गर्ने सेवा अझ बढी प्रभावकारी कार्यान्वयन गर्न, व्यवस्थित गर्न तथा सदस्यहरूमा सहज र सरल तरिकाबाट थप सेवा प्रदान गर्न Prabhu Money Transfer / E-Sewa मार्फत सेवाहरू उपलब्ध गराउदै आएकोमा थप अन्य विप्रेषण सेवा प्रदायक निकायहरूसँग आवश्यक समन्वय गरी संस्थाको आवश्यकता अनुसार थप सेवाहरू पनि सञ्चालनमा ल्याइने छ ।

विप्रेषण सेवा प्रदायक निकायहरूसँग आवश्यक समन्वय गरी आन्तरिक वा बाह्य रकम रकमान्तर सेवा घरमै बसी नै उपयोग तथा उपभोग गर्न सकिने व्यवस्था गरिने छ ।

वित्तीय क्षेत्रमा प्रयोगमा आएका उत्कृष्ट प्रविधिहरू क्यु.आर.कोड भुक्तानी प्रणाली, एस.एम.एस. बैंकिङ्ग सेवा, मोबाइल बैंकिङ्ग, मोबाइल रिचार्ज, टेलिफोन बिल भुक्तानी, बिजुली तथा पानीको बिल भुक्तानी लगायतका आधुनिक सेवालाई थप परिमार्जित र परिष्कृत गर्दै निरन्तरता दिइनेछ । ई-बैंकिङ्ग तथा ई-पे, मिस्कल, Tablet Banking, PoS मार्फत सेवालाई SMART Banking प्रविधिको आधार बनाइने छ । यस वर्षान्तमा करिब ५० प्रतिशत सदस्यलाई आधुनिक प्रविधियुक्त सेवामा सहभागी गराइने लक्ष्य लिइएकोछ ।

संस्थागत विकास अन्तर्गत समयानुकूल भौतिक संरचनाको उचित व्यवस्थापन गर्दै लगिने छ ।

सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, एवम् अन्य उपसमितिहरूको क्षमता, कार्य दक्षता एवम् व्यावसायिकता अभिवृद्धिका लागि तालिम, गोष्ठी, सेमिनार तथा अध्ययन अवलोकन लगायतका कार्यक्रमहरूको आयोजना तथा सहभागिताको व्यवस्था गरिने छ ।

संस्थाले हाल उपलब्ध गराएका सेवा र सेवाग्राही सदस्यको वर्गीकरण (उमेर, भौगोलिक अवस्था तथा वित्तीय समावेशिता) लाई आधार मान्दै सदस्यहरूलाई आवश्यकता अनुसार घर दैलो (Door To Door) सेवा प्रदान गरिने छ ।

सदस्यहरूको लागि एकीकृत रूपमा वित्तीय, स्वास्थ्य तथा प्रविधि (Financial, Health and Technology literacy) साक्षरता कार्यक्रम सघन रूपमा सञ्चालन गरिने छ ।

संस्थाका कागजी अभिलेख तथा क्रियाकलापहरूलाई आधुनिक विद्युतीय व्यवस्थापन (Digitalized) प्रविधिको प्रयोग गरी व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

संस्थासँग सम्बन्धित सबै प्रकारका जोखिम व्यवस्थापनका लागि आवश्यक सम्पूर्ण कार्य गरिने छः

संस्थाबाट हुने सबै नगद कारोबारहरूको डिजिटल अभिलेखीकरण र लामो समयसम्मको डिजिटल अभिलेख मौज्दात राखिने छ ।

ऋण लगानीसँग सम्बन्धित लिखतहरूको डिजिटल अभिलेखीकरण गरिने छ ।

सबै डिजिटल अभिलेखहरूलाई आन्तरिक डाटावेशमा व्यवस्थित र सुरक्षित गरिने छ ।

संस्थाको आइटी विभागलाई डिजिटल प्रविधिको प्रयोग र सुरक्षाका लागि थप व्यवस्थित गरिने छ ।

सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत सदस्यको मृत्यु भएमा सदस्य परिवारलाई उपलब्ध गराउँदै आइएको रकम रू.१०,०००/- (दस हजार ) लाई निरन्तरता दिइने छ ।

सदस्य स्वास्थ्य कार्यक्रम अन्तर्गत अस्पताल भर्ना भई सदस्यको उपचारका लागि उपलब्ध गराउँदै आइएको रकम रू.५,०००/- (पाँच हजार ) लाई निरन्तरता दिइने छ ।

संस्थामा सक्रिय सहभागिता जनाउनु हुने सदस्यहरूको लागी सञ्चालनमा रहेको सदस्य दुर्घटना विमा कार्यक्रम अन्तर्गत उपलब्ध गराउँदै आइएको रकम रू.१,००,०००/- (एक लाख) देखि रू.५,००,०००/- (पाँच लाख) सम्मको सुविधालाई निरन्तरता दिइने छ ।

### २४. कार्यालय तथा कर्मचारी व्यवस्थापन :

सम्पूर्ण सेवा एकै छानाभित्र कम्प्युटर प्रणालीबाट बचत, ऋण लगायत रेमिट्यान्स, बिजुली, टेलिफोन, पानी, मोबाइल रिचार्ज लगायतको बिल भुक्तानी सेवा निरन्तरता दिदैं आएका छौं ।

संस्थाका सदस्यहरूमा थप सेवा दिने अभिप्रायबाट संस्थाको कार्यालय समय माघ १६ गते देखि कार्तिक १५ गते सम्म बिहान १०:०० देखि साँझ ५:०० बजेसम्म

र कार्तिक १६ गते देखि माघ १५ गते सम्म बिहान १० :०० देखि बेलुकी ४:०० बजेसम्म सञ्चालनमा निरन्तरता दिदैं आएका छौं ।

आर्थिक वर्ष २०८०/८१ का लागि प्रस्तावित वित्तीय लक्ष्य तथा बजेट

## सेयर पुँजी

यस आ.व. को अन्त्यसम्ममा सेयर पुँजीतर्फ रू.८७,३६९,०००।०० अक्षरेपि आठ करोड त्रिहत्तर लाख उनान्सत्तरी हजार रूपैयाँमा सीमित गने लक्ष्य राखिएको छ ।

## बचत सङ्कलन

यसै गरी बचत सङ्कलनतर्फ यस आ.व.को अन्त्यसम्ममा रू.६०३,७१०,१००।०० अक्षरेपि साठी करोड सैंतिस लाख दश हजार एक सय रूपैयाँ पुऱ्याउने लक्ष्य राखिएको छ ।

आम्दानीतर्फ यस आ.व.को अन्त्यसम्ममा रू.१४६,३९१,५००।३५ अक्षरेपि चौध करोड त्रिसट्ठी लाख एकान्नब्बे हजार पाँच सय रूपैयाँ पुग्ने छ । यस आर्थिक वर्षको अन्तसम्ममा खर्च लाई रू.९०,९९८,५००।०० अक्षरेपि नौ करोड नौ लाख अन्ठानब्बे हजार पाच सय रूपैयाँमा सीमित गर्न लक्ष्य राखिएको छ ।

## बाह्य ऋणतर्फ

संस्थाले ऋण मागको चापलाई दृष्टिगत गरी अन्य वित्तीय निकायहरूसँग आवश्यक समन्वयका साथ बाह्य ऋण लिई संस्थाको कारोबारलाई विस्तार गरिनेछ ।

## ऋण लगानीतर्फ

यस आ.व. 2080/081 को अन्त्यसम्ममा सदस्यहरूलाई रू.६८५,६५०,०००।०० अक्षरेपि अठ्सट्ठी करोड छपन्न लाख पचास हजार रूपैयाँ ऋण लगानीमा रहने छ ।

## आम्दानी खर्च

| क्र.स. | विवरण | आ.व २०७९/८० को वास्तविक | आ.व २०८०/८१ को प्रस्तावित |
|---|---|---|---|
| १ | शेयर पुँजी | ७९,४२६,१००।०० | ८७,३६९,००० ।०० |
| २ | जगेडा कोष | ७५,३०९,३४४।०० | ८६,६२८,००० ।०० |
| ३ | कोष हिसाव | ४,००१,३९८।०० | ४,७९०,००० ।०० |
| ४ | कर्जा सुरक्षण | १९,३०८,९०५।०० | २१,९३४,००० ।०० |
| ५ | बचत निक्षेप | ४६८,६१६,८९६।०० | ६०३,७१०,१०० ।०० |
| ६ | भुक्तानी दिनु पर्ने | ९८६,२६२।०० | १,१३५,००० ।०० |
| ७ | अन्य दायित्व | १,३८४,८९२।०० | १,५३८,००० ।०० |
| ८ | वाह्य ऋण | १००,९९८,६६७।०० | ५०,१४९,००० ।०० |
| ९ | आय कर दायित्व | | ८,३०८,९५० ।०५ |
| | जम्मा | ७५०,०३२,४६५।०० | ८६५,५६२,०५० ।०५ |

| क्र.स. | विवरण | आ.व २०७९/८० को वास्तविक | आ.व २०८०/८१ को प्रस्तावित |
|---|---|---|---|
| १ | नगद | २,३२५,९९५।०० | २,६७५,००० ।०० |
| २ | बैंक | ८४,९५३,४८२।०० | १०५,५६१,३८० ।०९ |
| ३ | आर्थिक लगानी | २,०२८,४००।०० | २,३३३,००० ।०० |
| ४ | ऋण लगानी | ५९१,०७७,४४९।०० | ६८५,६५०,००० ।०० |
| ५ | पाउनु पर्ने | ३,५४७,४१७।०० | ४,५८४,००० ।०० |
| ६ | स्थिर सम्पति | ६६,०१७,६६९।९७ | ६४,७५८,६६९ ।९७ |
| ७ | स्थगन कर सम्पति | ८२,०५२।०० | |
| | जम्मा | ७५०,०३२,४६५।०० | ८६५,५६२,०५० ।०६ |

| क्र.स. | रणनीतिक क्रियाकलाप | आ.व २०७९/८० को वास्तविक | आ.व २०८०/८१ को प्रस्तावित |
|---|---|---|---|
| | क) वित्तीय आम्दानी | | |
| | ऋणबाट प्राप्त आम्दानी | | |
| १ | ऋणवाट प्राप्त ब्याज | ६४,४६४,०२०।४९ | १२२,९१७,५०० ।३५ |
| २ | ऋणवाट प्राप्त हर्जाना | ११,७४४,०३४।७१ | ५,५००,००० ।०० |
| | जम्मा | ७६,२०८,०५५।२० | १२८,४१७,५०० ।३५ |
| १ | शेयर लगानीबाट प्राप्त आम्दानी | २४५,८३२।८५ | २८३,००० ।०० |
| २ | तरल लगानीबाट ब्याज प्राप्त | २,६२७,६६८।३५ | ४,०७३,००० ।०० |
| | जम्मा | २,८७३,५०१।२० | ४,३५६,००० ।०० |
| | ख) गैरवित्तीय आम्दानी | | |
| १ | प्रवेश शुल्क | २,१००।०० | ४,००० ।०० |
| २ | ऋण ब्यवस्थापन शुल्क | ४५७,८४०।०० | ४,२००,००० ।०० |
| ३ | ऋण सेवा शुल्क | ५४५,३६०।८७ | ४,१००,००० ।०० |
| ४ | ऋण नविकरण शुल्क | २,२१६,२०२।०० | २,५४९,००० ।०० |
| ५ | खाता बन्द शुल्क | २४,५००।०० | २९,००० ।०० |
| ६ | ऋण नोक्सानी ब्यवस्थाबाट प्राप्त हिसाब खाता | ० | ६१७,००० ।०० |
| ७ | घर भाडा आम्दानी | १,१६६,४००।०० | १,२९६,००० ।०० |
| ८ | विविध आम्दानी | ९१,७४०।४६ | १५०,००० ।०० |
| | जम्मा ख | ४,५०४,१४३।३३ | १२,९४५,००० ।०० |
| | कुल जम्मा (क+ख) | ८३,५८५,६९९।७३ | १४५,७१८,५०० ।३५ |

| क्र.स. | खर्च विवरण | आ.व २०७९/८०को वास्तविक | आ.व २०८०/८१ को प्रस्तावित |
|---|---|---|---|
| | क. कार्यक्रमिक खर्च | | |
| १ | समीक्षा गोष्ठी तथा सदस्य विस्तारित भेला | ५००,०७५ ।०० | ७,००,००० ।०० |
| २ | सदस्य प्रबर्द्धन खर्च | | १५०,००० ।०० |
| ३ | अध्यान अवलोकन तथा भ्रमण खर्च -स्वदेश तथा विदेश) | | १५०,००० ।०० |
| | कुल जम्मा कार्यक्रमिक खर्च | ५००,०७५ ।०० | १,०००,००० ।०० |
| | ख. सञ्चालन खर्च | | |
| १ | कर्मचारी खर्च | ५,७२५,३२५ ।९४ | ६,५८५,००० ।०० |
| २ | साधारण सभा खर्च | १,८७०,१९४ ।२१ | २,१५१,००० ।०० |
| ३ | मसलन्द तथा छपाई खर्च | १८६,१३३ ।९० | २१५,००० ।०० |
| ४ | सुचना सञ्चार खर्च | ११२,५१९ ।४० | १३०,००० ।०० |
| ५ | बिजुली तथा पानी खर्च | १०४,३०० ।१३ | १२०,००० ।०० |

| | | | |
|---|---|---|---|
| ६ | कार्यालय खर्च | १६,६९० ।०० | १००,००० ।०० |
| ७ | सरसफाई खर्च | ३३,२९३ ।६७ | १००,००० ।०० |
| ८ | यातायात तथा इन्धन खर्च | ३२,३९५ ।०० | ८५,००० ।०० |
| ९ | पर्व खर्च | १९,०५४ ।२५ | १५०,००० ।०० |
| १० | वैठक ब्यवस्थापन खर्च | ६,११० ।०० | ५०,००० ।०० |
| ११ | वैठक भत्ता खर्च | ३३९,००० ।०० | ६००,००० ।०० |
| १२ | आन्तरिक र बाह्य लेखापरीक्षण खर्च | २७१,२०० ।०० | ३५०,००० ।०० |
| १३ | पत्रपत्रिका | १३,१०० ।०० | २५,००० ।०० |
| १४ | ज्याला तथा मर्मत संभार | १८२,०८२ ।५५ | २१०,००० ।०० |
| १५ | कानुनी परामर्श खर्च | ( | १००,००० ।०० |
| १६ | बिज्ञापन तथा प्रबर्द्धन | ३२१,२८४ ।७५ | ३७०,००० ।०० |
| १७ | कार्यलय विमा खर्च | १४९,९५९ ।५४ | २५०,००० ।०० |
| १८ | ऋण नोक्सानी ब्यवस्थापन -सुरक्षण) खर्च | २३६,३७९ ।०० | १३,२०,००० ।०० |
| १९ | स्वास्थ उपचार खर्च | २,८०५ ।०० | ६,५०० ।०० |
| २० | सफ्टवेर सेवा खर्च | ९३,१६८ ।९५ | १०९,००० ।०० |
| २१ | विविध खर्च | १,०१,२०७ ।२६ | १००,००० ।०० |
| २२ | दर्ता तथा नविकरण खर्च | ५१,४४० ।६९ | १००,००० ।०० |
| २३ | ह्रास खर्च | १,८३९,१४२ ।०० | १,७००,००० ।०० |
| २४ | पोशाक खर्च | ४९०,४२० ।०० | ० |
| २५ | सुरक्षा गार्ड खर्च | २३७,३०० ।०० | २७३,००० ।०० |
| २६ | किचन खर्च | ३००,३५३ ।९१ | ३४६,००० ।०० |
| | कुल जम्मा सञ्चालन खर्च | १२,७३४,८६० ।१५ | १५,५४५,५०० ।०० |
| | ग. वित्तीय खर्च : | | |
| १ | बचतको व्याज | ५४९८४६६१ ।०७ | ७२,१८०,००० ।०० |
| २ | वाह्य ऋणको व्याज | १४४८८६६० ।३६ | १,३००,००० ।०० |
| ३ | वाह्य ऋण सेवा शुल्क | ३२६००० ।०० | ३००,००० ।०० |
| | जम्मा वित्तीय खर्च | ६९७९९३२१ ।४३ | ७३,७८०,००० ।०० |
| | जम्मा खर्च (क+ख+ग) | ८३०३४२५६ ।५८ | ९०,३२५,५०० ।०० |
| | स्थगन कर खर्च/आम्दानी | ८२०५२ ।०० | |
| | खुद वचत | ६३३४९५ ।१५ | ५५,३९३,००० ।३५ |

| क्र.स. | विवरण | आ.व २०७९/८० को वास्तविक | आ.व २०८०/८१ को प्रस्तावित |
|---|---|---|---|
| १ | जगेडाकोष २५% | १५८,३७३ ।७९ | ११,७७१,०१२ ।५७ |
| २ | संरक्षित पूँजी फिर्ता कोष २५% | ११८,७८० ।३४ | ८,८२८,२५९ ।४३ |
| ३ | सहकारी प्रवर्द्धन कोष ०.५% | २,३७५ ।६१ | १७६,५६५ ।१९ |

| | | | |
|---|---|---|---|
| | कोष समावेश पछिको खुद मुनाफा | ३५३,९६५ ।४२ | ३४,६१७,१६३ ।१६ |
| | आयकर ब्यवस्था १५% | - | ८,३०८,९५० ।०५ |
| | आयकर शुल्क र ब्याज | - | - |
| | आयकर पछिको खुद मुनाफा | ३५३,९६५ ।४२ | २६,३०८,२१३ ।१० |
| ४ | शेयर लाभांस ६०% | २१२,३७९ ।२५ | १५,७८४,९२७ ।८६ |
| ५ | सामुदायिक विकास कोष ५% | १७,६९८ ।२७ | १,३१५,४१० ।६६ |
| ६ | सहकारी शिक्षा ५% | १७,६९८ ।२७ | १,३१५,४१० ।६६ |
| ७ | घाटापूर्ति कोष ५% | १७,६९८ ।२७ | १,३१५,४१० ।६६ |
| ८ | कार्मचारी वोनस कोष १०% | ३५,३९६ ।५४ | २,६३०,८२१ ।३१ |
| ९ | संस्था विकास कोष ५% | १७,६९८ ।२७ | १,३१५,४१० ।६६ |
| १० | स्थिरीकरण कोष ५% | १७,६९८ ।२७ | १,३१५,४१० ।६६ |
| ११ | अन्य जोखिम ब्यवस्थापन कोष ५% | १७,६९८ ।२७ | १,३१५,४१० ।६६ |
| | १००% जम्मा | ३५३,९६५ ।४२ | २६,३०८,२१३ ।१० |

| पुजिगत खर्च स्थिर सम्पति | | | |
|---|---|---|---|
| क्र.स. | विवरण | आ.व २०७९/८० को वास्तविक | आ.व २०८०/८१ को प्रस्तावित |
| १ | जग्गा | ४१,९४५,४०४ ।६६ | ४१,९४५,४०४ ।६६ |
| २ | भवन | २१,१३५,६८१ ।५७ | २१,१३५,६८१ ।५७ |
| ३ | फनिर्चर तथा फिक्स्चर | ५३१,९४४ ।६१ | ६११,९४४ ।६१ |
| ४ | कम्प्यूटर तथा प्रिन्टर | २,०१८,९१७ ।२० | २,३२१,९१७ ।२० |
| ५ | सवारी साधन | ३८५,७२१ ।९३ | ४४३,७२१ ।९३ |
| | जम्मा | ६६,०१७,६६९ ।९७ | ६६,४५८,६६९ ।९७ |

गत आर्थिक वर्ष भरी नै संस्थासँग सम्बद्ध रही कारोबार गर्नु हुने सम्बद्ध सबैप्रति हार्दिक आभार व्यक्त गर्दै यस संस्थाको गत आर्थिक वर्ष २०७९/०८० को आर्थिक विवरण तथा चालु आ.व. २०८०/०८१ को प्रस्तावित वार्षिक बजेट श्रवण गरिदिनु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।प्रस्तुत बजेट उपर गहन छलफल गरी आवश्यक राय सुझाव सहित पारित गरिदिनुहुन समेत अनुरोध गर्दछु । यस विषम परिस्थितिमा विगतमा जस्तै संस्थासँगको सम्बन्धलाई थप प्रगाढ र प्रभावकारी बनाउँदै सक्रिय सहभागिताको अपेक्षा गर्दै सेयर सदस्यज्यूहरूबाट सुझाव तथा सल्लाहको अपेक्षा राख्दै यो प्रस्तुतिबाट बिदा चाहन्छु ।

नमस्कार धन्यवाद । जय सहकारी

दिपक श्रेष्ठ

नि.कार्यालय प्रमुख

# B. P. Singh & Associates, Chartered Accountants

Chabahil, Kathmandu

Firm Regd. No: 832 Email: bpkshetree@gmail.com

PAN No: 102705854 Phone: 01-4561684/9851045998


**श्री सम्पूर्ण शेयरधनी सदस्यहरु**
**ब्राइट बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**का.म.न.पा–२८, बागबजार**

हामीले श्री ब्राइट बचत तथा ऋण सहकारी संस्था लिमिटेड, का.म.न.पा–२८, बागबजारको यसै साथ संलग्न आषाढ ३१, २०८० को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका विवरण एवंम प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गर्‍यौं ।

## Disclaimer Opinion / मौन राय :

**Disclaimer** रायको आधारहरुका अनुच्छेदहरुमा उल्लेख भए बमोजिमको वस्तुस्थितिको महत्वका आधारमा, पहिलो पटक नेपाल वित्तीय प्रतिवेदनमान (**NFRS**) प्रयोगमा ल्याउँदा वित्तीय विवरणको पुनर्लेखन, प्रस्तुतिकरण र खुलासाहरुमा पर्न सक्ने समस्टिगत प्रभावको लागि पर्याप्त र उपयुक्त सबुद प्रमाणहरु प्राप्त गर्न सकिएन तथा सोही रायको आधारहरुका अनुच्छेदहरुले वित्तीय विवरणमा सारभूत असर पार्न सक्दछ । तसर्थ, यस संस्थाको वित्तीय प्रतिवेदनमान (**NFRS**) को आधारमा तयार नगरिएकाले तथा अन्य अनुच्छेदहरुले वित्तीय विवरणमा असर पार्न सक्ने हुनाले, सो उपर राय व्यक्त गरिएको छैन ।

## Basis for Disclaimer Opinion / मौन रायको आधार

**Public Accountability** को परिभाषा अन्तर्गतका संस्थाहरुका लागि लागु भएका वित्तीय प्रतिवेदनमान (**NFRS**) अर्न्तगत रही तयार गर्नुपर्ने व्यवस्था लागु भइसकेको छ। परिवर्तित वित्तीय प्रतिवेदनको ढाँचा तयार गरी लागु गर्न (**NFRS**) अनुसारको वित्तीय विवरणहरु **NFRS** लागु हुँदा सुरुवात (**Opening Date**) मा तयार हुनुपर्दछ र सोही बमोजिम तीन वर्षको वित्तीय विवरण (**Statement of Financial Position**), दुई वर्षको विस्तृत आय विवरण (**Statement of Comprehensive Income**), दुई वर्षको आय विवरण (प्रस्तुत गरिएको भए), दुई वर्षको नगद प्रवाहको विवरण (**Statement of Change in Cash Flows**), दुई वर्षको इक्विटिमा भएको परिवर्तनको विवरण (**Statement of Change in Equity**) र सो सँग सम्बन्धित टिप्पणीहरु लगायत सूचनाहरु समेत तयार हुनुपर्दछ। यस्तो व्यवस्था भएता पनि अहिलेको शुरुवाती अवस्थामा वित्तीय विवरणहरु **NFRS** अनुसार तयार गरिएको छैन। नेपाल वित्तीय प्रतिवेदनमान (**NFRS-1**) मा आधारित रही नयाँ लेखा सम्बन्धी नीतिहरु तयार गरी वित्तीय सूचनाहरुको पहिचान, पुनर्लेखन र खुलासाहरु दिनुपर्ने हुन्छ।

